**लागू औषध दुरुपयोग तथा ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवस, २६ जुन २०२५ को अवसरमा गरिएको सप्ताहव्यापी कार्यक्रमको प्रतिवेदन**

श्री गृह मन्त्रालय, लागु औषध नियन्त्रण शाखाबाट लागु औषध दुरुपयोग एवम् ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवस जून २६, २०२५ "स्वस्थ, सभ्य र सुरक्षित समाजको प्रतिबद्धताः लागूऔषध दुरुपयोग विरुद्ध ऐक्यबद्धता" नारासहित सप्ताहव्यापी (२० जुन देखि २६ जुन, २०२५ (तदनुसार २०८२ असाढ ६ देखि १२ गते सम्म) रुपमा विविध कार्यक्रमहरु सञ्चालन गरी मनाउन निर्देशन प्राप्त भए अनुसार जिल्लास्तरमा तपसिल बमोजिमका कार्यक्रमहरु संचालन गरिएको ।

| क्र.सं. | कार्यक्रम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | तयारी बैठक | २०८२/३/०४ गतेका दिन प्रमुख जिल्ला अधिकारीज्यूको अध्यक्षतामा सुरक्षा निकायका प्रमुख, विभिन्न कार्यालयका कार्यालय प्रमुख, लागू औषधका क्षेत्रमा कार्यरत गैरसरकारी संस्था, उधोग वाणिज्य संघका प्रतिनिधिहरु लगायतका सरोकारवालाको उपस्थितिमा तयारी बैठक बसी सप्ताहव्यापी रुपमा गरिने कार्यक्रम निर्धारण गरी कार्ययोजना तयार गरिएको। | |
| २ | सप्ताहव्यापी कार्यक्रमको शुभारम्भ तथा लागु औषध नियन्त्रण सम्बन्धमा सरोकारवालाहरुसँग अन्तर्क्रिया तथा छलफल | २०८२/३/६ गतेका दिन प्रमुख जिल्ला अधिकारीज्यूको अध्यक्षता एवम् जिल्ला समन्वय समितिका प्रमुखज्यूको विशेष आतिथ्यतामा सम्पन्न। विभिन्न कार्यालयका कार्यालय प्रमुख, सुरक्षा निकायका प्रमुख, गैरसरकारी क्षेत्रमा कार्यरत गैरसरकारी संस्था, उधोग वाणिज्य संघ, प्याबसनका प्रतिनिधि, पुनर्स्थापना केन्द्रका प्रतिनिधि, पत्रकार, स्थानीय युवाको उपस्थिति रहेको सो कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रमुख, प्रादेशिक अस्पतालका प्रमुखले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।सो कार्यक्रममा लागु औषध दुरुपयोग एवम् ओसारपसारको अवस्था, नियन्त्रणका लागि हालसम्म भएका प्रयासहरुको समीक्षा गर्दै थप प्रभावकारी रुपमा नियन्त्रण गर्न चालिनुपर्ने कदमहरुको बारेमा छलफल समेत गरिएको । | |
| ३ | उपचार तथा पुनर्स्थापना | २०८२/३/७ गतेका दिन जिल्ला प्रहरी कार्यालय तथा मातहत निकायबाट जिल्लामा | |

२०८२/३/१३

| | | | |
|---|---|---|---|
| | केन्द्रहरुमा अनुशिक्षण, परामर्श कार्यक्रम | सञ्चालनमा रहेका सबै (४वटा) उपचार तथा पुनर्स्थापना केन्द्रहरुमा अनुशिक्षण, परामर्श कार्यक्रम सञ्चालन गरिएको। यसबाट उपचार तथा पुनर्स्थापना केन्द्रमा उपचाररत ११६ जना लाभान्वित भएका । | |
| ४ | स्कुल/कलेजमा लागु औषध विरुद्ध सचेतनामूलक कक्षा | २०८२/३/८ गतेका दिन मनराशिस्वा नगरपालिकास्थित ६ वटा माध्यमिक विद्यालयका प्र.अ., शिक्षक, तथा विद्यार्थीहरुको उपस्थितिमा विद्यार्थी लक्षित सचेतनामूलक कार्यक्रम मनराशिस्वा नगरपालिकाको कार्यालयमा सञ्चालन गरिएको। लाभन्वित संख्याः११० जना । जिल्ला प्रहरी कार्यालय, महोत्तरी र मातहतबाट ४ वटा विद्यालयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको। | |
| ५ | औषधी व्यवसायीहरुलाई लागु औषध विरुद्धको सचेतनामूलक कार्यक्रम | जिल्ला प्रशासन कार्यालय, महोत्तरी र स्वास्थ्य कार्यालय, महोत्तरीको सहकार्यमा मिति २०८२/३/८ गतेका दिन औषधी व्यवसायीहरुलाई लागु औषध विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको। सो कार्यक्रममा प्रादेशिक अस्पतालका मे.सु. एवम् जिल्ला प्रहरी कार्यालयका प्रमुखले लागु औषधको विषयमा छुट्टाछुट्टै प्रस्तुतीकरण गर्नुका साथै सहभागीहरुसँग छलफल समेत गरियो। सो क्रममा औषधी व्यवसायीहरुले प्रचलित नेपाल कानूनको पालना गर्दै व्यवसाय सञ्चालन गर्दै लागु औषध प्रयोगकर्ताको संख्या घटाउन सहयोग गर्ने प्रतिबद्धता गरेका छन्। | |
| ५ | उपचार तथा पुनर्स्थापना केन्द्रहरुको अनुगमन कार्यक्रम | २०८२/३/८ गतेका दिन सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा उपचार तथा पुनर्स्थापना केन्द्रहरुको अनुगमन गरिएको। | |
| ६ | उपचार तथा पुनर्स्थापना केन्द्रहरुको विवरण सार्वजनिकीकरण | मिति २०८२/३/९ गतेका दिन लागु औषध नियन्त्रण अधिकारीमार्फत जिल्लामा संचालन रहेका उपचार तथा पुनर्स्थापना केन्द्रहरुको विवरण, उपचाररत संख्या, उपचार पश्चात निको भई घर फर्केकाको संख्या, सेवाशुल्क आदि विवरण सार्वजनिक गरिएको। जिल्लामा हाल चारवटा उपचार तथा पुनर्स्थापना केन्द्रहरु सञ्चालनमा रहेका छन्। सञ्चालित सम्पूर्ण पुनर्स्थापना केन्द्रमा १५८ जनालाई उपचार तथा पुनर्स्थापना गर्न सक्ने क्षमता रहेकोमा | |

२०८२।३।१३
प्रशासकिय अधिकृत

| | | | |
|---|---|---|---|
| | | हाल ११६ जना उपचाररत रहेका छन् भने यस आ.व.मा हालसम्म ५४ जना व्यक्तिको अवस्था सुधार भई घर फर्केका छन्। | |
| ७ | लागु औषध दुर्व्यसनमुक्त समाज निर्माणका लागि युवा र समाजको भूमिका बिषयमा निबन्धलेखन प्रतियोगिता | शिक्षा विकास तथा समन्वय ईकाई, महोत्तरीको सहकार्य र प्याबसनको सहयोगमा मिति २०८२/३/१० गते जिल्ला प्रशासन कार्यालयद्वारा निबन्ध लेखन प्रतियोगिता आयोजना गरिएको। सो प्रतियोगितामा १७ विद्यालयका २१ जना विद्यार्थी सहभागी भएको । | |
| ८ | विद्यालय व्यवस्थापक, शिक्षकलाई लागु औषध विरुद्ध अनुशिक्षण कार्यक्रम | मिति २०८२/३/११ गते जिल्ला प्रशासन कार्यालयको सभाहलमा विद्यालय व्यवस्थापक, शिक्षकलाई लागु औषध विरुद्ध अनुशिक्षण कार्यक्रम सञ्चालन गरिएको। लाभान्वित संख्याः ३२ जना | |
| ९ | समुदायस्तरमा सचेतनामूलक कार्यक्रम | जिल्ला प्रहरी कार्यालय, महोत्तरी र मातहतबाट सप्ताहव्यापी रुपमा २४ स्थानमा समुदायस्तरमा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिएको ।<br>सशस्त्र प्रहरी बल, नेपाल नं. ९ गण हे.क्वा. महोत्तरी र मातहतबाट सप्ताहव्यापी रुपमा ८ स्थानमा समुदायस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको । | |
| १० | प्रभातफेरी कार्यक्रम | मिति २०८२/३/१२ गतेका दिन जलेश्वर बजार क्षेत्रमा प्रभातफेरी कार्यक्रम सञ्चालन गरिएको । सो कार्यक्रममा करिब २०० जना सहभागि रहेको । | |
| ११ | विद्यालयमा लागु औषध विरुद्ध नारा लेखिएको स्टिकर टाँस | मिति २०८२/३/१२ गतेका दिन जिल्लाभर कक्षा ९ देखि १२ सम्म पढाई हुने सबै विद्यालयहरुमा लागु औषध विरुद्ध नारा लेखिएको स्टिकर टाँस गर्ने कार्यक्रम अन्तर्गत ९० वटा विद्यालयमा स्टिकर टाँस गरिएको । | |

२०८२।३।१३

कमलेश्वर यादव
प्रशासकीय अधिकृत